ひと、くらし、みらいのために
厚生労働省
Ministry of Health , Labour and Welfare

# एकल अभिभावकीय घरपरिवार प्रति अस्थायी तथा विशिष्ट लाभ रकम प्रदान गरिने सम्बन्धी जानकारी

**एकल अभिभावकीय घरपरिवारलाई सहायता गर्ने हेतुले लाभ रकम भुक्तानी गरिनेछ!**

## 1. आधारभूत लाभ

**बालबच्चा लालनपालन भत्ता प्राप्त गरिरहेका एकल अभिभावकीय घरपरिवारहरू प्रति लाभ प्रदान**[*1]

### ● लाभ रकमको दायरामा पर्नुहुने महानुभाव

■ निम्न, ① देखि ③ मध्येको कुनै एकमा पर्नुहुने महानुभाव

① सन् 2020 जुन महिनाको **बालबच्चा लालनपालन भत्ता भुक्तानी पाउनुहुने महानुभाव**

② **सार्वजनिक पेन्सन आदि**[*2] **प्राप्त** गरिरहेको र सन् 2020 जुन महिनाको **बालबच्चा लालनपालन भत्ताको सम्पूर्ण राशि भुक्तानी बन्द हुने महानुभाव**[*3]

③ नयाँ कोरोना भाइरस सङ्क्रामक रोगको प्रभावले घरायसी खर्चमा आकस्मिक परिवर्तन आउने जस्ता, **बालबच्चा लालनपालन भत्ता प्राप्त गरिरहेका महानुभाव सरहकै स्तरमा आय आइपुगेका महानुभाव**

*1 बालबच्चा लालनपालन भत्ता ऐनमा निर्धारित **"पालनपोषण कर्ता"** समेत दायरामा पर्नेछन्

*2 मृतक परिवार पेन्सन, अपाङ्गता पेन्सन, वृद्धावस्था पेन्सन, श्रम दुर्घटना पेन्सन, मृतक परिवार क्षतिपूर्ति इत्यादि

*3 पहिल्यै बालबच्चा लालनपालन भत्ता प्राप्त गर्न योग्य व्यक्ति भनेर प्रमाणीकरण प्राप्त गरेको व्यक्ति नभएर, **बालबच्चा लालनपालन भत्ताको आवेदन दिएको भए, सन् 2020 जुन महिनाको बालबच्चा लालनपालन भत्ता भुक्तानी सम्पूर्ण अथवा केही हिस्सा रकम रोकिएको अनुमान लगाउन सकिने महानुभाव** समेत दायरामा पर्नुहुनेछ

### ● लाभ रकम

प्रति एक घरपरिवार **50 हजार येन**, दोस्रो बच्चा देखि 1 जनालाई **30 हजार येन**

## 2. थप लाभ रकम

**नयाँ कोरोना भाइरस सङ्क्रामक रोगको प्रभावले घरायसी खर्चमा आकस्मिक परिवर्तन आएर, आय घटिरहेको महानुभावलाई लाभ प्रदान**

### ● लाभ रकमको दायरामा पर्नुहुने महानुभाव

उपर्युक्त, आधारभूत लाभ रकम दायराको ① अथवा ②मा पर्नुहुने महानुभाव मध्ये, नयाँ कोरोना भाइरस सङ्क्रामक रोगको प्रभावले घरायसी खर्चमा आकस्मिक परिवर्तन आएर, आय घटेका महानुभाव

### ● लाभ रकम

प्रति एक घरपरिवार **50 हजार येन**

**प्रक्रिया अपनाउने तरिका इत्यादि बारेमा पछाडिको पृष्ठमा रहेको छ। अवश्य पनि हेर्नुहोला।**

# लाभ रकम भुक्तानीको प्रक्रिया

## सन् 2020 जुन महिनाको बालबच्चा लालनपालन भत्ता भुक्तानी हुने महानुभाव (अघिल्लो पृष्ठ 1. ① मा पर्नुहुने महानुभाव)

- **आधारभूत लाभको** लागि भने **आवेदन दिनुपर्ने** हुँदैन
- **अगष्ट महिना तिर,** सन् 2020 जुन महिनाको बालबच्चा लालनपालन भत्ता भुक्तानी भइरहेको बैङ्क खातामा रकमान्तर हुनेछ।

【कृपया ध्यान पुऱ्याउनु होला】
* **लाभ रकम लिने इरादा नभएको खण्डमा, पठाउनु पर्ने कागजातलाई फिर्ता पठाइदिनु होला।**
* बालबच्चा लालनपालन भत्ताको भुक्तानीका सन्दर्भमा तोकेको बैङ्क खाता बन्द रहेका जस्ता, लाभ रकमको भुक्तानी लिन नमिल्ने अवस्थामा, रकमान्तर गर्ने खाता परिवर्तन आदिको प्रक्रिया अपनाउनु हुन अनुरोध गरिन्छ।

- **थप लाभ रकम**को लागि **आवेदन दिनुपर्ने** हुन्छ
- नियमित वर्तमान अवस्थिति निश्चय गर्ने समय (अगष्ट महिना) आदिमा मिलाएर, आय घटेको व्यहोराको आवेदन सरल तरिकाले दिनुहोला। आवेदनको अन्तर्वस्तु हेरेर **सक्दो चाँडो** रकमान्तर गरिने छ।

## त्यस बाहेकका महानुभाव (अघिल्लो पृष्ठ 1. ②, ③मा पर्नुहुने महानुभाव)

- **आधारभूत लाभ रकम, थप लाभ रकम(1.② मात्र)** दुवैको **आवेदन दिनुपर्ने** हुन्छ
- आवेदन फारामा रकमान्तर गर्ने बैङ्क खाताहरू उल्लेख गरेर, आवश्यक कागजातसँगै बसोबास रहेको स्थानीय निकायको **काउण्टरमा सिधै** अथवा **डाँक** गरेर पेस गर्नुहोला।
- लाभ रकम भुक्तानीको आवश्यक सर्त पूरा गरेका महानुभाव प्रति, आवेदनको अन्तर्वस्तु हेरेर तोकेको बैङ्क खातामा **सक्दो चाँडो** रकमान्तर गरिने छ।

एकल अभिभावकीय घरपरिवार

**(1) लाभ रकमको आवेदन प्रक्रिया** →

① बसोबास रहेको स्थानीय निकायको काउण्टरमा सिधै वा डाँक गरेर पेस गर्नुहोला।

← **(2) तोकेको बैङ्क खातामा रकमान्तर**

② पेस गरिएको आवेदन फाराम हेरेर, लाभ रकम भुक्तानी आवश्यक सर्त पूरा भए नभएको ठहऱ्याएर मात्र रकमान्तर हुनेछ।

बसोबास रहेको स्थानीय निकाय

## सोधपुछ स्थल

"एकल अभिभावकीय घरपरिवार प्रति अस्थायी तथा विशिष्ट लाभ रकम" कल सेन्टर

**0120-400-903** (खुल्ला रहने समय कार्यालय खुल्ने दिनको 9:00-18:00)

○ विस्तृत आवेदन विधि सम्बन्धमा बसोबास रहेको गाउँ/नगरपालिकाको "एकल अभिभावकीय घरपरिवार प्रति अस्थायी तथा विशिष्ट लाभ रकम" इन्चार्ज काउण्टरमा सोधपुछ गर्नुहोला।

"एकल अभिभावकीय घरपरिवार प्रति अस्थायी तथा विशिष्ट लाभ रकम"

**"फुरिकोमे-सागि भनिने ठगी" या "व्यक्तिगत विवरण हत्याउने" कुरामा कृपया ध्यान पुऱ्याउनु होला।**

आफ्नो घर या कार्यस्थल आदिमा प्रान्त, गाउँ/नगरपालिका या स्वास्थ्य श्रम तथा कल्याण मन्त्रालय (को कर्मचारी) इत्यादि भन्दै नचिनेको फोन या पत्र आएको खण्डमा, बसोबास रहेको गाउँ/नगरपालिका या पायक पर्ने प्रहरी कार्यालय (अथवा प्रहरी परामर्श विशेष फोन नम्बर (#9110)) मा सम्पर्क गर्नुहोला।